# मिति २०७९।११।२१ गतेको निस्दी गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १:** निस्दी गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतका विषयगत शाखाहरुको हाल सम्मको प्रगति विवरण सम्बन्धित शाखा प्रमुखहरबाट कार्यपालिका बैठकमा प्रस्तुत गरियो ।शाखागत प्रगति उपर छलफल हुँदा कार्य प्रगति सन्तोषजनक रहेको पाइयो । साथै कार्यपालिकाबाट विषयगत शाखा प्रमुखहरुलाई काम द्रुत गतिमा अघि बढाउन निर्देशन दिइयो । साथै मिति २०७९ फागुन १० गते बसेको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको पाइयो ।

**निर्णय नं. २:** स्वास्थ्य सेवा रिक्त रहेका मेडिकल अफिसर(आठौं तह) र अ.न.मि.(चौथो तह बर्थिङ सेन्टर) का लागि करार सेवामा पदपूर्ति गर्ने प्रयोजनका लागि खुला विज्ञापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं.३ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा यसै आर्थिक वर्षदेखि बालमैत्री स्थानीय शासन कार्यान्वयनको चरणमा रहेकोमा सो का लागि आवश्यक पर्ने बालबालिका सम्बन्धी स्थिति विवरण तयार गर्न आवश्यक जनशक्ति मिति २०७९।०६।२७ गतेको निस्दी गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण समितिको बैठकले छनौट गरी शैक्षिक सर्भेक्षणमा खटाइएका स्वयंम सेवकहरुलाई नै दैनिक यातायात खर्च वापत जनही प्रतिदिन रु ५५०।- का दरले उपलब्ध गराइ ३० दिनको लागि घरधुरी सर्भेक्षणमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** निस्दी गाउँपालिकाको होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम होमस्टे समन्वय समितिमा देहाय बमोजिमका कर्मचराहरु रहने गरी गठन गर्ने सर्वसम्त निर्णय गरियो ।

| | |
|---|---|
| योजना शाखा प्रमुख अर्जुन खनाल | - संयोजक |
| स्वास्थ्य शाखा प्रमुख रेम शहादुर दिशा मगर | - सदस्य |
| शिक्षा शाखा प्रमुख नर बहादुर थापा | - सदस्य |
| पशु विकास शाखा प्रमुख ओम बहादुर मस्राङ्गी | - सदस्य |
| महिला बालबालिका शाखा प्रमुख विमला आचार्य | - सदस्य |
| बालमैत्री शाखा प्रमुख कुश्माखर पाण्डे | - सदस्य |
| कृषि विकास शाखा प्रमुख पुकार कार्की | - सदस्य |

मिति २०७९।११।२१ गतेको कार्यपालिका बैठकका निर्णय प्रमाणित ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
मित्याल,पाल्पा

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत